# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, "निर्धन भवन," भगवतीबहाल, नक्साल, काठमाण्डौं
फोन नं: ९७७-१-४५१३७११,४५१३८४०, फ्याक्स: ९७७-१-४५१३८५६, Email: info@nirdhan.com.np

## तेइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/०३)**

श्री शेयरधनी महानुभावहरु,

यस संस्थाको संचालक समितिको मिति २०७८/०९/०१ गते बसेको २८२ औं बैठकको निर्णयानुसार यस संस्थाको तेइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न भर्चुअल माध्यमबाट संचालन हुने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

### साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०७८/०९/२५ गते आइतबार, तदनुसार जनवरी ९, २०२२।
समय : दिउँसो १ बजे।
स्थान : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाडौंबाट भर्चुअल माध्यमबाट सभा संचालन हुनेछ।

### छलफलका विषयहरुः

**(क) सामान्य प्रस्तावः**

(१) आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने।

(३) संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १.५५२६३१५७८७६१०६ प्रतिशतले हुन आउने रकम रू.२६,३१७,१०५।२६ (अक्षेरुपी दुई करोड त्रिसठ्ठी लाख सत्र हजार एक सय पाँच र पैसा छब्बीस मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (हालको लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस, पुल्चोक, ललितपुर पुनःनियुक्तिको लागि योग्य हुनु हुन्छ।)

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने।

**(ख) बिशेष प्रस्तावः**

(१) यस संस्थाको हाल कायम अधिकृत पूँजी रू.२ अर्ब ५० करोडलाई वृद्धि गरि रू.३ अर्ब पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।

(२) संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ सम्मको वितरण योग्य मुनाफाबाट संस्थाको हाल कायम चुक्ता पूँजीको २९.५ प्रतिशतले हुन आउने रकम रू.५००,०२५,०००।- (अक्षेरुपी पचास करोड पच्चिस हजार मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।

(३) संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्नेः प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने।

(४) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्ने।

(५) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने।

**(ग) विविध।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी अन्य जानकारीः

१. यस संस्थाको तेइसौं वार्षिक साधारण सभा प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७८/०९/१३ गतेदेखि २०७८/०९/२५ गतेसम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०९/१२ गतेसम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा आ.व. २०७७/७८ को बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन्।

२. कोभिड-१९ को जोखिम रहेकोले भर्चुअल (ZOOM) माध्यमबाट वार्षिक साधारण सभा संचालन हुने भएकोले शेयरधनीहरुलाई भर्चुअल (ZOOM) माध्यमबाट सभामा सहभागी भईदिनुहुन अनुरोध छ। सो प्रयोजनको लागि आफ्नो नाम र BOID खुलाई संस्थाको वेबसाईटमा साधारण सभाको सूचनासँगै राखिएको पोर्टल/लिङ्कमा गई सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो विवरण दर्ता गराउनुहुन वा agm@nirdhan.com.np मा इमेल गरी आफ्नो विवरण पठाउनुहुन अनुरोध छ। यसरी विवरण दर्ता वा पठाउनुहुने शेयरधनीहरुलाई सभाको Zoom Link, Meeting ID र Passcode उपलब्ध गराईनेछ।

३. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुलाई सभाहलमा उपस्थित भए सरह मान्यता दिइनेछ र शेयर धनीहरुको भर्चुअल सहभागीताको आधारमा सभाको गणपुरक संख्या कायम गरिनेछ।

४. साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा आगाडि कम्पनीको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ। संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन। यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन्। रितपूर्वक नियुक्त भएको प्रतिनिधिलाई मात्र सभामा सहभागी गराईने व्यवस्था गरिनेछ।

५. एकजना शेयरधनीले एकभन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुटै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।

६. बुंदा ४ र ५ बमोजिमका कार्य गर्नको लागि कुनै सार्वजनिक बिदा पर्न गएमा समेत कम्पनी कार्यालय खुल्ला रहनेछ।

७. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ।

९. नाबालक शेयरधनीको हकमा संस्थाको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन्।

१०. संगठित संस्थाका शेयरधनी भएमा संगठित संस्थाहरुद्धारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप र आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

११. शेयरधनी तथा शेयरधनीका प्रतिनिधिले Chat Box बाट समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नुहुनेछ।

१२. साधारण सभामा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय संचालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ। साथै अन्य जानकारीको लागी संस्थाको वेबसाईट www.nirdhan.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं।

**शेयरधनी महानुभावहरुलाई जानकारी :**

१. आ.व. २०७६/७७ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले यस संस्थाका शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाडौंबाट लिनु हुन अनुरोध छ।